परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक



सरकारले सुशासन कायम गर्न कसैसँग
पनि सम्झौता गर्दैन : मन्त्री महतो

•वर्ष २ •अंक ११४ •२०८० असोज ७ गते आइतबार • (24-Sept-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com

## सोनमा शिक्षक सरुवा विवाद :
# पक्राउ परेका ७ जना पुर्पक्षका लागि जेल चलान

■ टक नेपाल




बर्दिबास । महोत्तरीको सोनमा गाउँपालिकामा शिक्षक सरुवा विषयलाई लिएर भएको आन्दोलनमा पक्राउ परेको सातजना पुर्पक्षका लागि जेल चलान भएका छन् । पक्राउ गरेका मध्ये महोत्तरी जिल्ला अदालतले ६ जनालाई पुर्पक्षमा राखी मुद्दा चलाउने र १ जनालाई धरौटीमा रिहा गर्ने आदेश गरेको थियो । अदालत एकजनालाई धरौटीमा छाड्न आदेश गरेपनि धरौटी रकम बुझाउन नसक्दा पुर्पक्षका लागि जेल चलान भएको जनाइएको छ। महोत्तरी जिल्ला अदालतका न्यायाधीश पूर्व ढकालको इजलासले सोनमा गाउँपालिका-१ बस्ने उपेन्द्र कुमार साह सुडी, राकेश कुमार महरा, नजामुदिन अन्सारी, महेश कुमार यादव, रामकेवल यादव र सोही गाउँपालिका वडा नम्बर २ बस्ने ललिन्द्र यादवलाई पुर्पक्षमा राखी मुद्दा चलाउन आदेश गरेको महोत्तरी जिल्ला अदालतका सूचना अधिकारी महेन्द्र झाले जानकारी दिनुभयो। सूचना अधिकार झाले दिनुभएको जानकारी अनुसार सोही मुद्दामा रामप्रसाद पासमानलाई १ लाख ५० हजार धरौटी राखी छाड्ने आदेश भएपनि धरौटी रकम जम्मा गर्न नसक्दा पासमानलाई पनि जेल पठाइएको बताउनुभयो। यता सोही मुद्दामा पूर्व गाउँपालिका अध्यक्ष राजकुमार यादव, वडा नम्बर १ का वडाध्यक्ष अशोक यादव र सोही वडाका शैलेन्द्र यादव फरार रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । फरार रहेका उनीहरूको खोजी कार्य भइरहेको प्रहरीको भनाई छ । गत भदौ १९ गते तीनजना शिक्षक सरुवाको विषयलाई लिएर सरस्वती माध्यमिक विद्यालय सोनमाका विद्यार्थीहरूले गाउँपालिकाविरुद्ध प्रदर्शन गरेका थिए । त्यसैक्रममा आन्दोलनरत विद्यार्थी र प्रहरीबीच झडप भएको थियो । आन्दोलनमा उत्रिएका विद्यार्थीहरूले कार्यालयअगाडि राखिएको प्र २-०३-०१९ प ९१५८ नम्बरको मोटरसाइकल र ज.११प ४९६६ नम्बरको मोटरसाइकलमा आगजनी गरेपछि स्थिति तनावग्रस्त बनेको थियो । यता, स्थिति नियन्त्रणमा लिन प्रहरीले २३ सेल अश्रुग्याँस प्रहार गरेको थियो । आन्दोलन गर्न विद्यार्थीलाई उक्साएको र आन्दोलनमा संलग्न आरोपमा प्रहरीले सातजनालाई पक्राउ गरेको थियो।

# मधेस विश्वविद्यालयमा कानुन सङ्कायको पठनपाठन हुने

■ टक नेपाल




वीरगञ्ज। मधेस विश्वविद्यालयले आगामी मङ्सिर ४ गतेदेखि कानुन सङ्कायको पठनपाठन सुरु गर्ने भएको छ । स्थापना भएको पहिलो एक वर्षमै पठनपाठन सुरु गर्न लागेको कानुन सङ्कायतर्फ बीए एलएलबीमा अहिले विद्यार्थीहरूको नाम दर्ता भइरहेको र आउँदो मङ्सिर ४ गतेदेखि पठनपाठन सञ्चालन हुने विश्वविद्यालय प्रशासनले जनाएको छ । "कानुन सङ्कायतर्फ बीए एलएलबीमा भर्ना हुने विद्यार्थीको छनोट प्रवेश परीक्षा (इन्ट्रान्स)माध्यमबाट गरिएको र इन्ट्रान्सबाट छनोट भएका विद्यार्थीको यही असोज १५ गतेसम्म नाम दर्ता हुन्छ", मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भन्नुभयो, "त्यसपछि हिन्दू धर्मावलम्बीहरूको चाडपर्व नै सुरु हुन्छ, त्यसैले छठपर्वपछि कक्षा सञ्चालन हुनेछ ।" अहिलेसम्म ७०-८० विद्यार्थीले नाम दर्ता गराइसकेको उहाँको भनाइ छ । विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा लिइने विश्वविद्यालयले जनाएको छ । उहाँका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्यूनतम ५० प्रतिशत वा सी प्लस अङ्क ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ । मधेस विश्वविद्यालयलाई कानुन सङ्कायतर्फ एक सय १०, जनप्रशासनतर्फ ५५ वटा कोटा निर्धारण गरिएको छ । पठनपाठनका लागि मधेस विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ । विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ । गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्व विद्यालय ऐन, २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ । पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा 'हब'का रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिनुभयो । विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर)को २७ बिघा जग्गा पाएको छ । बहुदरमाई नगरपालिका-२ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएको छ भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेस विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ । विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षक, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाई पारित गरिसकेको छ ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्
सम्पर्क नम्बरहरु
९८०७८२१०१४, ९८६३२१०१४
९८०४८०४७००
टक नेपाल राष्ट्रिय दैनिक पत्रिका










## ....सम्पादकीय

### स्वास्थ्य सेवालाई व्यापारीकरण नगरियोस्

दुई दशकअघिसम्म त्रिभुवन विश्वविद्यालय चिकिसाशास्त्र अध्ययन संस्थानको विदेशी कोटामा अध्ययन गर्न आउने अन्तर्राष्ट्रिय क्षेत्रका विद्यार्थीहरुको प्रतिस्पर्धा हुन्थ्यो । यसका साथै काठमाडौं विश्वविद्यालयमा पनि चिकित्सा विज्ञानका विषयमा अन्तर्राष्ट्रिय स्तरबाट पढ्न आउने विद्यार्थीको ठूलो प्रतिस्पर्धा हुने गर्थ्यो । अहिले विदेशीका लागि छुट्याएका कोटा नेपाली विद्यार्थीलाई महँगो शुल्क लिएर बेचिन्छ । चिकित्सा शिक्षालाई महत्वका साथ राज्यले लिएको थियो । सक्नेले शुल्क तिरेर पढ्थे भने योग्य, दक्ष, प्रतिभावान् विद्यार्थीले सरकारबाट पाएको छात्रवृत्तिमा पढेर पनि चिकित्सा शिक्षा हासिल गरी आफ्नै देशमा बिरामीको सेवा गर्थे । यो क्रमले निरन्तरता पाइरहनुपर्नेमा यति बेला चिकित्सा शिक्षा नितान्त व्यापारिकरुपमा विस्तार भएको छ । सरकारले हुनेखानेको पेवाको रुपमा चिकित्सा विज्ञान तथा विज्ञान प्रविधिलाई लिनु दुःखको कुरा हो । यति बेला विज्ञान विषय भनेको पढ्न सक्ने क्षमता भएका विद्यार्थीका लागि र अभिभावकहरुको खुशीका लागि व्यापारिक भऱ्याङ बन्दै छ । देशको आवश्यकताभन्दा पनि नेपालको शिक्षा विदेशी भूमिमा प्रवेश गर्ने लाइसेन्स बन्दै छ। यो राज्यका लागि गम्भीर विषय हो। पछिल्लो समय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेल भरतपुर अस्पतालमा अनुगमनका क्रममा पुगेर स्वास्थ्य क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने गरी पढाइ हुनुपर्ने बताउनुभएको समाचार सार्वजनिक भएको छ । उहाँले भोलिका दिनमा नेपालमा चाहिने विषयका दक्ष जनशक्ति उत्पादनमै रोक लगाउन खोजेको गम्भीर विषय उठान गर्नुभएको छ। हाल भैहेको चिकित्सा शिक्षाको समयसापेक्ष अध्ययन अध्यापन नहुँदा भोलिका दिनमा आवश्यक जनशक्ति नपाउने सम्भावना रहेको छ । डा. पोखरेलले स्वास्थ्य र शिक्षा मन्त्रालयका जिम्मेवार व्यक्तिहरुले चिकित्सा शिक्षा आयोगसँग बसेर, देश सुहाउँदो स्वास्थ्य शिक्षा दिनेतर्फ छलफल गरेर निकास निकाली सोही अनुरुपको दरबन्दी सृजना गर्नेतर्फ ध्यान देओस् भन्नुभएको छ । उहाँले भनेजस्तै चिकित्सा शिक्षा ऐन संशोधन राजनीतिक विषय नबनोस् । देश र जनताको हितमा गरिने काममा नेताहरुको ध्यान पुगोस् । शिक्षा र स्वास्थ्यलाई व्यापारको दृष्टिले हेरी राजनीतिक निर्णय गर्दा भोलिका दिनमा आम नेपाली नागरिकले नेपालमा उपचार नपाउने अवस्था नआओस् । नेपाल सरकारको निर्णय कुनै व्यक्ति, समूह या राजननीतिक स्वार्थमा केन्द्रित नहोस् । आम नागरिकको जनस्वास्थ्यमाथि कुनै पनि राजनीतिक दल या नेताहरुले निहित स्वार्थका लागि खेलबाड गर्न पाउने छैनन् । नेपालको संविधानमा व्यवस्था भएअनुरुप आम नागरिकले स्वास्थ्य सेवा पाउने नैसर्गिक अधिकारको हनन नगरियोस् । कानुनमा भएका व्यवस्थालाई पटक-पटक राजनीतिक दलका नेताहरुको स्वार्थसिद्धका लागि परिमार्जित गर्ने र व्यक्तिगत तथा सांगठनिक स्वार्थमा लिप्त भई आम नागरिकलाई गुमराहमा राखेर अधिकार खोस्ने काम नगरियोस् । देश र जनताको हितमा काम गर्ने प्रतिबद्धता गर्दै जनताको मत लिएर नीति-नियम बनाउने थलोमा पुगेका नेतागणहरुले निहित स्वार्थमा परेर जनताको अधिकारमा कुठाराघात नगरियोस् । जनस्वास्थ्यलाई नितान्त व्यापारिक क्षेत्रका रुपमा नाफा र घाटामा नहेरियोस् । आम नागरिकले यो देशको लागि गरेको योगदानको कदर गर्दै राज्यले सकेजति सेवा-सुविधा दिने र स्वस्थ नागरिकबाट स्वस्थ र निष्पक्ष काम लिनेतर्फ ध्यान देओस् । सस्तो लोकप्रियताका लागि प्रचार गरेर काम गर्ने वातावरण बनाउनुको सट्टा नियमित भैरहेको काममा समेत अवरोध आउने गरी कुनै पनि निर्णय नलियोस् । कुनै पनि निर्णय लिनुअघि त्यसको सकारात्मक तथा नकारात्मक दीर्घकालीन प्रभाव के हुन्छ भन्ने बारेमा ध्यान दिइयोस् । सरकार र नेता व्यापारी बनेर नाफा-घाटाको हिसाबमा अलमलिने काम नहोस् । नेपाल र नेपाली जनताको हितमा काम गर्न कटिबद्ध भएर लाग्न सरकार अभिप्रेरित होस् ।

# नेपाली क्रिकेटलाई भारत र पाकिस्तानको उचाइमा पुऱ्याउने चुनौती छ : नवनिर्वाचित अध्यक्ष चन्द

■ टक नेपाल

काठमाडौं । नेपाल क्रिकेट सङ्घ (क्यान)का नवनिर्वाचित अध्यक्ष चतुरबहादुर चन्दले नेपाली क्रिकेट टिमलाई भारत र पाकिस्तानको उचाइमा पुऱ्याउने चुनौती रहेको बताउनुभएको छ । क्यानको निर्वाचनबाट दोस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष बन्नुभएका चन्दले सञ्चारकर्मीसँग कुरा गर्दै सरकारले क्रिकेटको विकासका लागि सरकारले भौतिक संरचनामा ध्यान दिएर अगाडि बढ्न आवश्यक रहेको बताउनुभएको हो । "आगामी तीन महिनाभित्र घरेलु संरचनालाई नयाँ किसीमले बदल्नुपर्छ", उहाँले भन्नुभयो । अध्यक्ष चन्दले पद पाएसँगै जिम्मेवारी पाएको उल्लेख गर्दै क्रिकेटलाई नयाँ ढङ्गले अगाडि बढाउने बताउनुभयो । अघिल्लो कार्यकालभन्दा यसपटक केही नयाँ किसिमबाट राम्रो काम गर्ने उहाँको भनाइ छ ।




**सचिवमा पूर्वकप्तान खड्का निर्वाचित**

नेपाल क्रिकेट सङ्घ (क्यान)को सचिव पदमा राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का विजयी हुनुभएको छ । क्यानको आज भएको केन्द्रीय निर्वाचनमा पूर्वकप्तान खड्का कार्यवाहक सचिव प्रशान्तविक्रम मल्ललाई पछि पार्दै निर्वाचित हुनुभएको हो । उहाँ क्यानको बागमती प्रदेशका अध्यक्षसमेत हुनुहुन्छ । कुल ८५ मतदाता रहेकामा खड्काले ४८ पत प्राप्त गर्नुभयो । उहाँको प्रतिद्वन्द्वीले ३७ मत प्राप्त गर्नुभयो । निर्वाचित सचिव पारसले क्रिकेट खेलका लागि जिल्ला र प्रदेशलाई बलियो बनाउँदै अगाडि बढाउने विचार व्यक्त गर्नुभयो । क्रिकेट खेलमा लागेर बाँच्न सकिने वातावरणको सिर्जना गर्न आफू प्रयासरत रहनेसमेत उहाँको भनाइ छ ।

त्यस्तै क्यानको उपाध्यक्षमा रोशन सिंह र कोषाध्यक्षमा कर्णाली प्रदेश क्रिकेट सङ्घका अध्यक्ष पदमबहादुर खड्का निर्विरोध निर्वाचित हुनुभएको थियो । महिला सदस्यमा जयन्ती भट्ट निर्विरोध निर्वाचित हुनुभयो । सदस्यमा लुम्बिनी प्रदेशबाट प्रदीप मजगैंया र कर्णालीबाट श्रीधर केसी पनि सर्वसम्मत चयन हुनुभयो । अरु पाँच प्रदेशबाट प्रतिनिधित्व गर्ने एक-एक जना सदस्य र खुला पाँच सदस्यका लागि पनि चुनाव भएको थियो । त्यसमा कोशीबाट अर्जुन पौडेल ४७ मत प्राप्त गर्दै विजयी हुनुभयो । मधेस प्रदेशबाट माधवकुमार कर्मचार्य र मोहम्मद दाउद अन्सारीको भोट ४२ बराबर हुँदा गोलाप्रथाबाट माधवकुमार कर्माचार्य विजयी हुनुभयो । त्यस्तै गण्डकीबाट सुदीप शर्मा ५२ मतसहित विजयी हुनुभयो भने बागमतीमा दिवाकर घले ४६ मत ल्याएर विजयी हुनुभयो । सुदुरपश्चिमबाट विक्रम विष्ट ४९ भोट प्राप्त गर्दै विजयी हुनुभयो । खुला सदस्यमा धीरेन्द्र साउद ५९ र दुर्गाराज पाठक ५४ ल्याएर निर्वाचित हुनुभयो । त्यस्तै आयुष श्रेष्ठले ५१ मत प्राप्त गर्नुभयो भने वीरेन्द्र चन्द ३४ मत ल्याएर विजयी हुनुभयो । करण महतरा क्षेत्री र ऋषिराम गौतमले बराबर २६ मत प्राप्त गर्नुभयो र गोलाप्रथा गर्दा महतरा विजयी हुनुभयो । पाँच प्रदेशबाट चयन हुने एक-एक सदस्यका लागि कुल १० जनाको उम्मेदवारी परेको थियो । खुलातर्फका पाँच जनाका लागि १३ को उम्मेदवारी परेको थियो । क्यानको निर्वाचनमा कुल ८५ जनाले मतदान गर्नुभएको थियो ।

## कर्मचारी आबश्यता

| पद | संख्या |
|---|---|
| १) स्टाफ नर्स | २ जना |
| २) अनमी | २ जना |
| ३) लेखापाल | १ जना |

योग्यता : कम्तीमा BBS, BBA गरेको र कम्प्युटरमा १ वर्ष काम गरेको हुनु पर्ने

महिला/पुरुष

साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास, महोत्तरी

नोट : विज्ञापन गरेको ७ दिन भित्र आवेदन दिनु पर्ने ।

अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर

www.talknepaltv.com

बर्दिबास मिडिया ग्रुप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एमबुलेन्स | ५२०१०० |
| वारुण यन्त्र (दमकल) | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ |
| जलेश्वर अस्पताल | ५२००७० |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | |
|---|---|
| मेष | स्वास्थ्य कमजोर रहनाले काम पूरा गर्न समय लाग्नेछ। |
| बृष | रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ। |
| मिथुन | मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। |
| कर्कट | प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। |
| सिंह | अरूलाई दिएको वचन पूरा गर्न नसक्दा मन खिन्न रहला। |
| कन्या | नयाँ काम र व्यापारमा बिहानको समय अनुकूल रहनेछ। |
| तुला | अध्ययनमा प्रगति हुनेछ। लेखन कला र अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ। |
| वृश्चिक | इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। |
| धनु | सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। |
| मकर | अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। |
| कुम्भ | पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ। |
| मीन | भाग्योन्नतिको समय छ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

टक नेपाल



# जनकपुर–जयनगरको नयाँ पटरी

## जनकपुर–जयनगर रेल सेवा नेपाल–भारतको १७५० किलोमिटर लामो खुला सिमानामा चल्छ, जसले एक मात्रै ठूलो अन्तरदेशीय वाहन हुने सौभाग्य पाएको छ ।

■ घनश्याम खड्का

जनकपुरधाम । बिहानै पसिनाका स-साना दानाले शरीर भिजिसकेको थियो । मस्तिष्कले भन्दा पहिले नै शरीरले थाहा पाइाल्यो, ऊ आज जनकपुरमा छ । वातानुकूलित शयनकक्षबाट बाहिर निक्लनेबित्तिकै आलसतालस पार्ने गर्मीले मर्निङ वाकमा जाने मेरो इरादामा पानी फेरिदिएको थियो । तर, भदौरे घामको उष्ण प्रतापले राममन्दिर वरपरको भजनकीर्तनको माहोललाई भने किमार्थ असर पार्न सकेको थिएन । लहरै बसेर एक लयका साथ रामचरित मानस पढ्ने सयौं घाँटीको आवाज मिसिएको एउटा लयदार ध्वनि पार गर्दै मलाई बिजुली रिक्साले रेल स्टेसनतिर लगिरहेको थियो । प्लेटफर्ममा केही जोगी ध्यान जमाएर बसेका थिए, केही महिला पोकापन्तरा बोकेर पर रेल आउने लिकतिर आँखा बिच्छ्याएर कुरिरहेका थिए भने धेरै यात्रीचाहिँ गर्मीमा अलमस्त परेर कमिलाजसरी स्टेसन वरपर सिलिङविलिङ गरिरहेका थिए । भित्तामा रामलाई वरमाला पहिऱ्याउन लागेकी सीता र उनको स्वयंवरको कथालाई अर्थ्याउने गरी मिथिला चित्रहरू बनाइएका रहेछन् । त्यसभन्दा पर टिकट काउन्टर थियो, जो खुलेकै थिएन । त्यहाँ पुगेपछि थाहा भयो, रेल त साढे आठ बजे छुट्ने रहेछ । म डेढ घण्टा चाँडो भएँ, अब के गरेर बस्नु ? उहिल्यै विद्यार्थीकालमा पढेको श्यामप्रसादको ‘एक घण्टा बिताउँदा’ निबन्ध पुनर्लेखन गरूँ कि क्या हो भनेजस्तो भावले एक क्षण गिजोल्यो । तर, म हतपत तल ओर्लें र रिक्सा पक्रेर होटलमै फर्कें । नास्ता यतै गरेर जयनगर गएको राम्रो भन्ने एक मित्रको उक्तिलाई चरितार्थ गरेर फर्कंदा टिकट काउन्टर बल्ल खुलेको रहेछ । त्यो उत्ताउलो गर्मीर् छल्न मैले वातानुकूलित टिकट किनें, जसको ३५० रुपैयाँ लाग्दो रहेछ । समय भयो, पर क्षितिर्ज चिर्दै कुर्थादेखि रेल हर्न मार्दै आयो । यात्रुहरू जऱ्याकजुरुक उठे । हेर्दाहेर्दै जनकपुरको प्लाटफर्म एकैपटक ओर्लन र चढ्न खोज्दा ढोकाहरूमा च्यापिएका मानिसको कोलाहलले गुन्जियो । ओर्लन खोज्नेहरू चढ्न अधैर्य गर्ने यात्रुलाई उच्च स्वरले हप्काउँदै तिनलाई बाहिर धकेल्न खोज्थे, उक्लन खोज्नेहरू रेल छुट्लाभैँ गरी तिनलाई भित्रतिर ठेल्दै जोड बलले उक्लन्थे । मलाई यो घुइँचोमा आफू छुट्ने भएँ भन्ने पीर पऱ्यो । नौ तलामुनि नागभैँ सुसाउँदै आउने लन्डनको रेल एकै क्षण रोक्किँदा सयौं मानिस फटाफट ओर्लने र चढ्ने गरेको मानस दृश्य त्यसबेला जनकपुरको धक्कमधक्कासँग जोडिन आइपुग्यो । नयाँ कुरामा मानिसको उत्तेजना बढी हुन्छ भन्छन् । सायद, हाम्रो यो नयाँ रेलप्रतिको आकर्षणले हो, हतारहतारमा मानिस चढ्न भुम्मिएका भनेजस्तो लाग्यो । हुन त, जनकपुर-जयनगरको रेल सेवा आजको होइन, तर पनि यसको नयाँ पटरीमा कुद्ने नयाँ रेल भर्खरकै हो, जसले नेपाल-भारतबीचको १७५० किलोमिटर लामो खुला सिमानामा चल्ने एउटै मात्रै ठूलो अन्तरदेशीय वाहन हुने सौभाग्य पाएको छ । नेपालले किनेको नयाँ बग्गी र पटरीका साथ जनकपुर-जयनगर रेल २०७८ फागुन १ देखि पुनः सञ्चालनमा आएपछि नै म यसको यात्रु हुन चाहन्थें । तर, मौका भने मिलिरहेको थिएन । भारतमा उपनिवेश चलाइहेका अंग्रेजहरूले महोत्तरीको जंगलबाट सालका काठ ओसार्न शासकले विसं १९९४ मा बनाएको जनकपुर-जयनगर रेलमार्ग पछि नेपालको स्वामित्वमा आयो । निकै सुस्त चल्ने उपमा पाएको जयनगर जाने रेल चल्दाचल्दै मानिसहरू उत्रन र चढ्न सक्छन् भनेर हँसीमजाकका किस्सा प्रचलित थिए । त्यही सुस्त रेलको लिक पनि २०५९ को बाढीले भत्किएपछि ५२ किलोमिटर लामो रुट छोटिएर जनकपुर-जयनगरको रेल २९ किलोमिटरमा सीमित हुन पुगेको थियो । जराजीर्ण यो पुरानो लिकलाई फराकिलो पारेर ब्रोडग्रेज सेवामा स्तरोन्नति गर्न भारत सरकारले सघाउने भयो । त्यसपछि २०७१ देखि ठप्प रेल सेवा सात वर्षपछि नयाँ लिक, नयाँ रेल र नयाँ जनशक्ति साथ दुई देशका प्रधानमन्त्रीले उद्धाटन गरेपछि चल्न थालेको थियो । यस्तो इतिहास बोकेको रेलमा चढुँला भनेर गरेको यत्रो तयारी यो हुलमुल पार गर्न नसक्दा उसै खेर जालाजस्तो भयो । ओर्लनेलाई बाटो दिएर खुरखर्ती चढ्ने जापानका बुलेट ट्रेनका भद्र यात्रुहरूको मलाई त्यस क्षण खुबै याद आयो । भीडमा धकेल्दै अघि बढ्नु कि त्यसै पर्खिरहनु ? दोधारमा म केहीबेर भुन्डिरहेँ । केहीबेरमा भीड घट्यो । चढ्नेहरू संघर्षका साथ चढेर छाडे । ओर्लनेहरू संघर्षका साथ ओर्लिएरै छाडे । अनि मजस्ता धक्कामुक्कामा परै बस्न खोज्नेहरूको पनि पालो आयो । म भित्र छिरेँ र झ्यालछेउ बसेँ । अभै पनि रेल दस मिनेटसम्म रोकियो, किनभने, साढे आठ त अभै बजेकै थिएन । यत्रो समय हुँदाहुँदै मानिसहरू किन ओर्लन, चढ्न, पर्खन नसकेका होलान् ? हप्प गर्मीबाट भित्र चिसो एसीमा बस्न पाउँदाको रमाइलोले खूब आनन्द दियो । बिस्तारै रेल अघि बढ्यो । मलाई त्यस क्षण बेलायतका आधुनिक रेल चढ्दाको खुसी र प्रतिघण्टा ३२० किलोमिटरसम्म कुद्दै जापान तथा चीनका बुलेट ट्रेन चढ्दाको उत्तेजनाभन्दा बढी जनकपुरको रेल चढ्दाको आनन्दले अँगालेको थियो । धनुषाका ग्रामीण बस्तीहरू माभबाट सर्पभैँ घिस्रिँदै रेल जयनगर पुग्दा डेढ घण्टा लाग्दो रहेछ । जयनगर स्टेसनमा भारतका अनेक ठाउँ जाने रेल यात्रुहरूको ठूलो भीड दौडादौड गरिरहेको थियो । २९ किलोमिटर पर जयनगरमा पनि उत्तिकै उखर माउलो गर्मीले स्वागत गऱ्यो । त्यही रेल दिउँसो ३ बजे जनकपुर फर्कने हुनाले जयनगरमा घुम्न मसँग पूरै पाँच घण्टा थियो । कुनै सोधखोज र तयारी नगरी म जयनगर आएको थिएँ । उद्देश्य थियो, निरुद्देश्य टहलिनु । कसैले नचिन्ने र कहिल्यै नपुगेको ठाउँमा बराल्लिनु जत्तिको आनन्द मलाई केहीमा पनि आउँदैन । आरामले पाइला चाल्दा पनि स्टेसनबाहिर आइपुग्दा शरीर असिनपसिन भइहाल्यो । बाहिर मानिसका ताँती, टहरावाल लामो बजार, साइकल, रिक्सा र टाँगाको दौडादौड अनि कानै खानेगरी बजिरहेका मोटरका टिँ-टिँ र ट्याँ-ट्याँले एउटा पट्यारलाग्दो कोलाजको निर्माण गरेको थियो । ‘इधर घुमनेका जगाह क्या है ?,’ एक टेम्पोवालालाई सोधेँ । ‘जनकपुर जाहिए साहेब, इधर तो कुछ भी नहीं है,’ उसले मतिर क्वाकक्वार्ती हेरेर जवाफ दियो । अरू एक-दुईले पनि यही उत्तर दिए । कि पर दरभंगातिर घुम्ने ठाउँ छ, कि जनकपुरमा मन बहलाउने कुरा छन्, जयनगरमा त केही छैन भन्ने सबैको धारणा सुन्दा मलाई अब बिताउनुपर्ने पाँच घण्टाको माया लागेर आयो । जयनगरका मानिस दिल बहलाउन जनकपुर जाने रहेछन् । जनकपुर तिरका यता किनमेल गर्न आउने रहेछन् । म दुवै उद्देश्यले होइन, यसो घुम्न भनेर निस्केको थिएँ । तर, जयनगरकालाई लाग्दोरहेछ, ‘इधर घुमनेका जगह ही नहीं है !’ परेन त फसाद ! म केहीबेर यस्सै सडकतिर रल्लिएँ । तराईतिरको हाटबजारजस्तो त्यहाँको अस्थायी बजार चहारेँ । फोहोर, भीडभाड, होहल्ला, गर्मी र धूलो मूलोले धेरैबेर हिँडिरहन सकिने रहेनछ र बिजुली रिक्सा समातेँ । चालकलाई ‘एकदमै घुम्नलायक ठाउँ लैजाऊ’ भनेँ । उसले निधार खुम्च्यायो । उही कुरा दोहोऱ्यायो । अनि भन्यो, ‘एसा किजिए, आप एम मार्केट जाइए ।’ स्टेसनबाट डेढ-दुई किलोमिटर पर मुख्य सहर भनिने ठाउँ रहेछ । त्यहाँ दुईतले सपिङ मलमा त्यस बिजुली रिक्सावालाले मलाई छाडिदियो । मलाई केही किन्नु नै नभएकाले त्यहाँ अल्भिने कुरै भएन । बरु कतै चिया वा सर्वत पिएर कुनै पुस्तक पढ्न पाए हुनेजस्तो लाग्यो । ‘सबभन्दा राम्रो होटेल’ भनेर अर्को रिक्सावालाले मलाई एउटा गल्लीमा छिरायो । ‘राजस्थानी होटल’ लेखिएको बोर्डमुनि एउटा गधापच्चिसे कुनै पानावालाभैँ गुट्खा चपाउँदै ग्राहक कुरिरहेको थियो । सुन्धारातिरको कुनै सस्तो लजमा पुगेजस्तो भान भयो मलाई । रेस्टुरेन्ट होइन, बास बस्ने सुविधा छ भनेर त्यस गधापच्चिसेले कफी खाने भए बनाउन सकिन्छ भन्ने भावको सूचना दियो, ज्यादा व्यापारसुलभ नभईकनै । धन्यवाद भनेर म त्यहाँबाट फुत्किएँ । यताउता घुमेँ । आधा घण्टा पनि नबित्दै मैले जयनगरलाई छिचोलिसकेछु । साँच्चै नै त्यहाँ किनमेल गर्नेबाहेक घुमफिर गर्ने वा टहलिन मिल्ने कुनै परिवेशै रहेनछ । एउटा सडकबाट अर्को सडक, एउटा गल्लीबाट अर्को गल्ली र रिक्सा फेर्दै गर्दा एक जनाले मलाई कमला पुल भन्ने केही पर एउटा घुम्नलायक ठाउँ छ भनेर सुझायो । यसो सोधखोज गर्दा श्यामवर्णको अधबैंसे अनुहारवाला एउटा रिक्सावाला मलाई कमला पुल पुऱ्याउन तयार भयो । म उसको रिक्सा चढेँ । केही गुनगुनाउँदै रिक्सावाल अघि बढ्यो । फरासिलो मिजासको रिक्सावालासँग केहीबेरमै मित्रवत् संवाद हुन थाल्यो । उसको नाम रहेछ- अब्दुल जबार । वर्षौंदेखि रिक्सा चलाएरै जीवन गुजार्दै आएको अब्दुलसामु मैले जयनगरमा पाँच घण्टा बिताउने उपयुक्त तरिका के होला भनेर सोधेँ । जवाफमा उसले एउटा अनौठो प्रस्ताव पेस गऱ्यो । के अरे भने, पाँच सय रुपैयाँ तिरेर म उसकै रिक्सामा जयनगरको कुनाकाप्चा घुमौं, पाँच घण्टा रमाइलो पारेर बिताइदिने जिम्मा उसको ! प्रस्तावको जवाफको प्रतीक्षा गर्दै उसले पछाडि फर्केर मतिर पुलुक्क हेऱ्यो र भन्यो, ‘मान जाइए हाकिम, आपका दिन कट जाइगा, इस गरिबका पेट भर जाएगा ।’ जयनगरको हर एक मानिस, पसल र गल्लीलाई चिनेको छु भन्दै उसले मलाई खूब आनन्द दिलाउनेगरी घुमाउने कसम पनि खायो । उसको प्रस्ताव नकार्नुपर्ने कुनै कारण मसँग थिएन । त्यो घाम र त्यो कोलाहलमा यताउता भौंतारिनुभन्दा रिक्सामा बसेर टहल्लिनु नै श्रेयस्कर थियो । त, मैले तुरुन्तै हुन्छ भनेँ । अब्दुल गुनगुनाउँदै अघि बढ्यो । कमला नदीको धमिलो पानीमा कोही माछा मारिरहेका थिए, कोही नुहाइरहेका र कोहीचाहिँ पौडिरहेका । किनारमा हनुमानको एउटा मन्दिर रहेछ । अब्दुलले मलाई त्यहाँ पुऱ्याइदियो । अलिक पर, जयनगरपारि हाम्रै धनुषाको इनरुवामा घुम्न जाने प्रस्ताव अब्दुलले गऱ्यो । जयनगरका पैसावालहरू त्यहाँ चिसो बियर खान जाने गरेको र आफूलाई पनि त्यहाँ गएर एक दिन त्यसै गर्ने इच्छा भएको उसले सुनायो । र, भन्यो, आज उसलाई त्यो इच्छा पूरा होलाजस्तो लागिरहेको छ ! सुनेको थिएँ, बिहारमा मदिरा प्रतिबन्ध भएपछि नेपालका सीमावर्ती इलाकामा ‘शराबका दुकान’ च्याउभैँ उम्रिएका छन् । वर्षौंदेखि अब्दुलले थातिराखेको त्यो इरादा आज पूरा होला भन्ने ठानेको रहेछ । उसलाई म किन निराश पारूँ ? ‘लौ हुन्छ’ भन्ने हरित संकेत दिएँ । फुरुङ्ग पर्दै अब्दुल अघि बढ्यो । अलि पर दशगजामा गाडिएको २७० नम्बरको जंगे पिलर आयो । ‘त्यहाँबाट उता नेपाल हो साहेब’ भन्दै अब्दुलले रिक्सा भारततिरै रोक्यो । अनि एक मिजासका साथ नेपालको दारु दोकानतिर अघि बढ्यो । सिमानामा हाम्रा सशस्त्र प्रहरी र नेपाल प्रहरीका दुई जवान पहरा दिएर बसेका थिए । तिनलाई अब्दुलले एक स्नेहपूर्ण सलाम गऱ्यो र लुसुक्क अघि बढ्यो । सीमा कटेको केही सय मिटरमै दारुका दोकानहरू बग्रेल्ती भेटिए । त्यहाँ पुगेर उसले मलाई एकपटक पुलुक्क हेऱ्यो र सोध्यो, ‘क्या आज मेरा ख्वाइस पूरा होगी ?’ मैले मुस्कुराउँदै जवाफ दिएँ, ‘जरुर होगी ।’ त्यसपछि, शराबखानाहरूमध्ये एउटामा छिरेर अब्दुलले चिसो बियर र कुखुराको मासु मगायो । अनि खूब मज्जा मानेर खायो, जसको पैसा अग्रिम रूपले नै मैले तिरिदिने सुनिश्चय उसले गरिसकेको थियो । ‘आज यकिन हुवा, खुदा है,’ फर्किने बेला रिक्सामा बसेपछि अब्दुलले खुसी प्रकट गऱ्यो, ‘लेकिन हाकिम, आप तो भुखे ही रहगए ।’ यति भनेर किन हो, ऊ हाँस्यो । दुई छोराहरूलाई पढाउन नसके पनि सानी छोरीलाई राम्रो शिक्षा दिन रिक्सा चलाएको पैसा केही बचाउन आफूले गरेको संघर्षबारे अब्दुलले मलाई बतायो । देशको नाम फेरेर भारत राख्ने मोदीको योजना आफूलाई कत्ति पनि चित्त नबुभ्केको भन्दै उसले त्यसमा भद्र असहमति प्रकट गऱ्यो । जयनगर भरिका मन्दिर र मस्जिदमा लगेर उसले मलाई घुमायो । किसानका बस्तीहरू, गाउँका पाठशालाहरू र सस्तोमा कपडा तथा मसला पाइने गल्लीहरूमा उसले मलाई पुऱ्यायो । एउटा ठेलावालको चियापसलमा पुऱ्यायो र जयनगर भरिकै उत्कृष्ट पेयको स्वाद लिनुस् भनेर रोक्यो । नभन्दै, चियाको स्वाद जिब्रोमै भुन्डिने खालको रहेछ । यसरी अनेकतिर घुमघाम गर्दागर्दै मेरो पाँच घण्टा रमाइलोसँग बित्यो । फर्किने बेला अब्दुलले मलाई रेलवे स्टेसन ल्यायो । बिदाइ गर्न परेकोमा ननिको लागेको भनेर उसले मुख अँध्यारो बनायो । ‘हाकिम, आप जा रहे हो और मुझे अच्छा नही लगरहा है,’ उसले सजल नेत्रले मेरो हात च्याप्प समात्यो, ‘पता नहीं फिर कब मुलाकात होगी, लेकिन आपका याद अब्दुलके दिलमे हमेसा रहेगी ।’ मलाई पनि, यो स्नेही र फरासिलो मानिससँगको संक्षिप्त मित्रता टुंगिन लागेकामा नरमाइलो लागेको थियो । अनि मैले उसलाई के भनेर आश्वस्त पारेँ भने, भाग्यले कुनै दिन फेरि मलाई जयनगरमा फिर्ता ल्यायो भने हामी अवश्य भेट हुनेछौं । बिस्तारै रेल छुट्यो । हरिया धानका फाँट र बीचबीचका नेपाली बस्ती हुँदै बिहान चढेकै स्टेसनमा म भरेँ । बिजुली रिक्सा लिएर स्टेसनबाट अघि बढिरहँदा मलाई जनकपुर पहिलेभन्दा भव्य, सफा र सुन्दर सहर लाग्यो !




> कुनै सोधखोज र तयारीबिनै जयनगर पुगेको थिएँ । उद्देश्य थियो- निरुद्देश्य टहलिनु । कसैले नचिन्ने र कहिल्यै नपुगेको ठाउँमा बराल्लिनुजत्तिको आनन्द अरू केमा !



रेलको कथा
घनश्याम खड्का

# आधारभूत स्वास्थ्य सेवा केन्द्र बटौवाको वडा स्तरिय बार्षिक समिक्षा गोष्ठी सम्पन्न

■ बिबेक कुमार महतो

गौशाला । आधारभूत स्वास्थ्य सेवा केन्द्र गौशाला न.पा. १० बटौवाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक वडा स्तरीय समिक्षा गोष्ठी सम्पन्न भएको छ । शुक्रबार वडा कार्यालयको सभाहलमा एक कार्याक्रमको आयोजना गरि वडा स्तरीय वार्षिक समिक्षा गोष्ठी सम्पन्न गरिएको हो । गौशाला नगरपालिका वडा नं. १० का वडा अध्यक्ष तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र बटौवाका व्यवस्थापन समितिका अध्यक्ष विष्णु कुमार महतोको अध्यक्षता तथा गौशाला नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख मनोज कुमार सिंह को प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त गोष्ठीमा गत आर्थिक वर्षमा वडामा स्वास्थ्य सम्बन्धी भएको कार्यक्रमहरु बारे चर्चा गरिएको थियो । गोष्ठीमा आधारभूत स्वास्थ्य सेवा केन्द्र बटौवाका प्रमुख बिनेद साह आफ्नो वडामा गरेको स्वास्थ्य सेवा र त्यसको प्रगति विवरण प्रस्तुत गरेको थियो । सोही गोष्ठीमा महिला स्वास्थ्य स्वयंसेविकहरुलाई उत्कृष्ट कार्य र सेवाग्राहीहरुको मन जित्न सफल भए पछि स्वास्थ्य सेवा केन्द्र बटौवा सम्मानित गरिएको छ । महिला स्वास्थ्य स्वयंसेविकहरुलाई प्रशंसापत्रले सम्मानित गरेको हो । आर्थिक बर्ष २०७९/०८० को स्वास्थ्य संस्था स्तरीय वार्षिक समीक्षा गोष्ठीको उद्धाटन गर्दै अध्यक्ष महतोले उत्कृष्ट कार्य सम्पादन गरेर सफलतापुर्वक जिम्मेवारी पुरा गर्ने स्वास्थ्य सेवा केन्द्र बटौवाका प्रमुख, स्वास्थ्यकर्मी तथा जस्तो



सुकै परिस्थितिमा पनि स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य स्वयंसेविकाहरुमा धन्यवाद दिएका थिए । वडा कार्यालयको सभाहलमा सम्पन्न भएको समीक्षा गोष्ठीमा विशिष्ट अतिथिको रुपमा वडा नम्बर ११ अध्यक्ष तथा नगरका प्रवक्ता राम पृत महतो कोईरी, गौशाला नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख मनोज कुमार सिंह, लगायत व्यवस्थापन समितिका सदस्य, वडा सदस्य तथा पत्रकारहरुको उपस्थिती रहेका थियो ।



# सरकारले सुशासन कायम गर्न कसैसँग पनि सम्झौता गर्दैन : मन्त्री महतो

■ टक नेपाल



काठमाडौं । वन तथा वातावरण मन्त्री विरेन्द्र प्रसाद महतोले सरकारले सुशासन कायम गर्न कसैसँग पनि सम्झौता नगर्ने जिकिर गरेका छन् । शनिबार आयोजित राष्ट्रिय फोटो पत्रकार समुह, नेपालको २६ औं वार्षिक साधारणसभा तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारले सुशासन कायम गर्न कसैसँग पनि सम्झौता नगर्ने बताए । उनले भने, 'सुशासन कायम गर्न सरकारले कसैसँग पनि सम्झौता गर्दैन यो सरकारको पहिलो सर्त हो । हामी विकास र समृद्धिको मामलामा सबैसँग हातेमालो गरेर अगाडि बढेका छौं ।' मन्त्री महतोले वनलाई व्यवस्थित गदै देशमा भएको श्रोत, साधन र जैविक विविधतालाई राष्ट्रको समृद्धिमा जोड्न आवश्यक रहेको बताए । उनले भने,'वनलाई व्यवस्थित गदै हामीसँग भएको श्रोत र साधन र हामीसँग भएको खनिजहरु र जैविक विविधतालाई राष्ट्रको समृद्धिमा जोड्न सकेनौं भने त्यसको अर्थ हुँदैन ।' उनले फोटोबाट नै देशलाई चिनाउन सफल भएता पनि बढ्दो सामाजिक सञ्जालको प्रयोगले फोटो पत्रकारितामा विकृति पनि फैलिएको टिप्पणी गरे ।







"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

**LIVER FUNCTION TEST**
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

**WHOLE BODY CHECKUP**
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

**CARDIAC PROFILE**
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

**DIABETS PACKAGE**
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जित कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com